बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मितिः- २०७७/०६/११)**

यस गाउँपालिका अन्तर्गत अस्थायी कोभिड अस्पताल स्थापना गरी सञ्चालन गर्नका लागि देहाय बमोजिमका पद/तह र संख्यामा सेवा करारमा कर्मचारी नियुक्ति गर्नु पर्ने भएकोले आवश्यक योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन गरेको मितिले १५ (पन्ध्र) दिन भित्र राजस्व तिरेको सक्कल रसिद सहित दरखास्त आवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | पद/तह | सेवा | समूह | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर | परिक्षा किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत (आठौं तह) | स्वास्थ्य | ज.हे.स. | १ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा MBBS वा सो सरह उतीर्ण, सम्बन्धित परिषद् (NMC) मा दर्ता भएको हुनुपर्नेछ। | रु.१०००/- | अन्तवार्ता |

(१) दरखास्त दिने स्थानः- बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बलेफी, सिन्धुपाल्चोक।

(२) दरखास्तमा संलग्न गर्नुपर्नेः- उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, चारित्रिक प्रमाण पत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्ने छ। पेश गरिने सबै प्रतिलिपि आफैले प्रमाणित गर्नुपर्नेछ।

(३) दरखास्त दस्तुर बुझाउने स्थानः बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय।

(४) दरखास्त फारमः- बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वा बलेफी गाउँपालिकाको वेबसाईट www.balephimun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

(५) दरखास्त दिने अन्तिम मितिः २०७७/०६/२५ गते सम्म (सो दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय समय सम्म)

(६) दरखास्त दिने बैकल्पिक विधिः बैंक दाखिला गरेको भौचर र अन्य आवश्यक कागजातहरु स्क्यान गरी २०७७/०६/२५ गते कार्यालय समयभित्र balephi2017@gmail.com मा पठाउन सकिनेछ।

(७) दरखास्त दस्तुर जम्मा गर्ने खाताः बलेफी गाउँपालिका आन्तरिक आम्दानी खाता १९४CA५०००३५७०००७

(८) उम्मेद्वारको उमेर हदः १८ वर्ष पुगी ४५ ननाघेको। अन्य प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको हुनुपर्नेछ।

(९) तलब सुबिधाः सम्बन्धित तहलाई नेपाल सरकारले तोकेको शुरु स्केल बराबरको रकम मासिक रुपमा तलब स्वरुप भुक्तानी गरिने छ।

(१०) काम गर्नुपर्ने स्थान र अवधिः बलेफी गाउँपालिका अन्तर्गत स्थापित कोभिड-१९ अस्थायी अस्पताल। यस सूचना बमोजिम नियुक्ति हुने कर्मचारीहरुको कार्य-अवधी ३ (तीन) महिनाको हुने र आवश्यकता अनुसार थप हुन सक्नेछ।

(११) सम्पर्क मितिः- २०७७/०६/२७ गते

(१२) अन्तवार्ता मितिः- सम्पर्क मितिको दिन तोकिने छ।

(१३) थप जानकारीको लागि सम्पर्क नम्बरः- ९८४३१८८९०५

....................................
प्रमुख प्रशासकीय अधिकृत
शैलेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत